# नदीजन्य पदार्थको बिक्रीका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७७/०५/०२

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ व्यवस्था बमोजिम तपशिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गरी रोल्पा नगरपालीकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ती , फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्र आ. व. २०७६/ ०७७ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलीपीहरु संलग्न गरि तपसिल बमोजिमका शर्तहरुको अधीनमा रहि बोलपत्र प्रकृयामा सहभागी हुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि. न. | सुचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू. अ. कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १. | RM/ROLPA/W/WS/ NCB/01/077-78 | माडी खोला क्षेत्र | ५२९२००।०० | १०५८४००।०० | ३००००।०० | १०००।०० |
| २. | RM/ROLPA/W/WS/ NCB/01/077-78 | धांसि खोला क्षेत्र | १७५०००।०० | ३५००००।०० | १००००।०० | १०००।०० |

शर्तहरु :

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/ ०७७ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा नेपाल बैंक लिमिटेड शाखा कार्यालय रोल्पा मा रहेको यस कार्यालयको खाता नं. ०७६०३००००००००२००३००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना

Scanned with CamScanner

प्रथम पटक प्रकाशन भएको मिती देखी १५औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

३. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

४. आफुले कबोल गरेको अंकको २.५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड शाखा कार्यालय रोल्पामा रहेको धरौटी खाता नं ०७५०३००००००००४००३००२ मा जम्मा गरी सोको सक्कल बैंक भौचर यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको विड वण्ड सिलवन्दी खाम साथ पेश गर्नु पर्नेछ ।

५. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलवन्दी गरी खाम वाहिर फर्मको नाम, ठेगाना,कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. , मोवाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ः०० बजे भित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नु पर्नेछ ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन ।

७. रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४ः०० बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलीनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत